श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३३ सालको ऐन नं. २७

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी (पहिलो संशोधन) ऐन, २०३३" रहेको छ ।

(२) दफा ४ र ५ २०३२ साल श्रावण १ गतेदेखि प्रारम्भ भएको मानिनेछन् र अरू दफाहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ को दफा ५ मा संशोधन: निर्वाचन आयुक्तहरूको पदावधि, पारिश्रमिक र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवाका अन्य शर्त तथा सुविधासम्बन्धी ऐन, २०२६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छः–

"५. सवारी र अन्य सुविधाः (१) प्रमुख निर्वाचन आयुक्तलाई सवारीको निमित्त ड्राइभर सहितको मोटर सुविधा दिइनेछ ।

(२) निर्वाचन आयोग अवस्थित भएको ठाउँमा निजी घर नहुने निर्वाचन आयुक्तले बसोबासको निमित्त गैर-सरकारी घर बहालमा लिएमा मासिक तीन सय रूपैयाँमा नबढ्ने गरी सो बहालको रकम श्री ५ को सरकारले व्यहोरिनेछ ।

(३) निर्वाचन आयुक्तलाई सो पदमा बहाल रहेसम्मको अवधिका लागि निजको आवासमा एक सेट टेलिफोन राख्न जडान खर्च र धरौटी बापत लाग्ने न्यूनतम रकमको सुविधा दिइनेछ । टेलिफोनको अनिवार्य शुल्क बापत प्रतिमास निर्धारित शुल्कको पचहत्तर प्रतिशत श्री ५ को सरकारले व्यहोरिनेछ ।"

३. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः–

"६. दैनिक तथा भ्रमण भत्ता र बीमा खर्चः निर्वाचन आयुक्तले आफ्नो ओहदासम्बन्धी काममा नेपाल अधिराज्यभित्र भ्रमण गर्दा निजलाई देहायका दरले भत्ता र बीमा खर्च दिइनेछः–

(क) दैनिक भत्ताः एक दिनको पारिश्रमिकको आधा ।

(ख) भ्रमण भत्ताः हवाईजहाजबाट भ्रमण गर्दा एक जनालाई लाग्ने भाडा, रेल वा बसबाट भ्रमण गर्दा डेढजनालाई लाग्ने पहिला दर्जाको भाडा अरू सवारी-बाट भ्रमण गर्दा त्यस सम्बन्धमा लाग्ने टिकट खर्च तथा ज्याला र पैदल हिंड्नु पर्दा प्रतिकोश पाँच रूपैयाँ ।

(ग) बीमा खर्चः हवाईजहाजबाट भ्रमण गर्दा दुई लाख रूपैयाँको बीमा खर्च ।

४. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. निवृत्तभरण र उपदानः (१) कुनै व्यक्ति निर्वाचन आयुक्त पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) निर्वाचन आयुक्त पदमा दश वर्ष सेवा-अवधि पूरा गरिसकेको भए आठ सय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) दश वर्ष सेवा-अवधि पूरा गरिसकेको नभए पूरा गरेको जम्मा वर्ष संख्यालाई निजले पाई आएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एकमुष्ट रकमको उपदान ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) श्री ५ को सरकारको सेवामा बहाल रहेको वा बहाल गरिसकेको कुनै व्यक्ति निर्वाचन आयुक्त पदमा नियुक्त भई सो पदबाट अवकाश प्राप्त गरेपछि निजले देहायबमोजिमको निवृत्तभरण वा उपदान पाउनेछः–

(क) निर्वाचन आयुक्त पदमा गरेको सेवा अवधिमा निजले श्री ५ को सरकारको सेवामा गरेको कूल सेवा अवधिलाई आधा गरी हुन आउने अवधि जोड्दा दश वर्ष सेवाअवधि पूरा भए आठसय रूपैयाँ मासिक निवृत्तभरण ।

(ख) खण्ड (क) बमोजिम हिसाब गर्दा दश वर्ष सेवाअवधि पूरा नभए पूरा भएको जम्मा वर्ष संख्यालाई निजले पाई-आएको डेढ महीनाको पारिश्रमिकको अङ्कले गुणन गर्दा हुन आउने अङ्क बराबरको एक-मुष्ट रकमको उपदान ।

तर, अघि श्री ५ को सरकारको सेवा गरेबापत निवृत्तभरण पाइरहेको व्यक्तिले निर्वाचन आयुक्त पदमा सेवा गरेबापत यस खण्ड-बमोजिमको उपदान पाउनेछैन ।

(३) श्री ५ को सरकारको सेवा गरेबापत उपदान पाइसकेको कुनै व्यक्ति निर्वाचन आयुक्त-पदमा नियुक्त भएमा निजले त्यसरी नियुक्त भएको एक वर्षभित्र आफूले अघि पाएको उपदानको पूरा रकम फिर्ता गरेमा मात्र निजले श्री ५ को सरकारको सेवामा गरेको सेवा-अवधि उप-दफा (२) बमोजिम जोडिनेछ ।

(४) यस दफाबमोजिम पाउने उपदानको रकम पच्चीस हजार रूपैयाँभन्दा बढी हुनेछैन ।

(५) श्री ५ को सरकारबाट निवृत्तभरण पाइरहेको व्यक्ति निर्वाचन आयुक्त-पदमा नियुक्त भई यस ऐनबमोजिम पनि निवृत्तभरण पाउन सक्ने भएमा निजले अघि पाइरहेको निवृत्तभरण र यस ऐनबमोजिम पाउने निवृत्तभरणमध्ये कुनै एक रोज्न सक्नेछ ।"

५. मूल ऐनमा दफा ७ क. थपः मूल ऐनको दफा ७ पछि देहायको दफा ७ क. थपिएको छ.–

"७क. पारिवारिक निवृत्तभरण र उपदानः (१) देहायका अवस्थामा देहायका अवधि-सम्मको लागि निर्वाचन आयुक्तले आफ्नो परिवारका सदस्यहरूमध्ये इच्छाएको व्यक्तिलाई र त्यस्तो इच्छाएको व्यक्तिको पनि मृत्यु भएमा वा त्यसरी नइच्छाएकोमा निजको परिवारका सदस्यहरूमध्ये नजीकको हकदारलाई दफा ७ बमोजिमको निवृत्तभरण दिइनेछः–

(क) पदमा बहाल छँदै निर्वाचन आयुक्तको मृत्यु भएमा मृत्यु भएदेखि सात वर्षसम्म

677

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दफा ७ बमोजिम निवृत्तभरण पाउन थालेको सात वर्ष नपुग्दै मृत्यु भएमा सो सात वर्ष नपुगेको बाँकी अवधिसम्म ।

(२) पदमा बहाल छँदै निर्वाचन आयुक्तको मृत्यु भएमा र दफा ७ बमोजिम निवृत्तभरण पाउने नभई उपदानसम्म पाउने रहेछ भने सो उपदानको रकम निजको परिवारका सदस्यहरूमध्ये उप-दफा (१) बमोजिमको व्यक्तिले पाउनेछ ।"

६. मूल ऐनको दफा ८ मा संशोधन: मूल ऐनको दफा ८ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) निर्वाचन आयुक्तले प्रत्येक वर्ष पन्ध्र दिनका दरले पारिश्रमिक सहितको बिरामी-बिदा पाउन सक्नेछ । त्यस्तो बिरामी–बिदा नलिएको संचित हुँदै जानेछ र कुनै ठूलो र कडा रोग लागी स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरेमा बिरामी–बिदा बाँकी नभए दुई महीनासम्म पारिश्रमिक सहितको र त्यस्तो पारिश्रमिक सहितको थप बिरामी-बिदा लिइसकेपछि एक पटकमा थप चार महीनासम्म र सेवाको अवधि भरमा जम्मा बाह्र महीनामा नबढ्ने गरी विनापारिश्रमिकको बिरामी–बिदा पाउन सक्नेछ ।

तर,

त्यसरी पारिश्रमिक सहितको थप बिरामी–बिदा लिंदा प्रत्येक दुई दिन थप बिरामी–बिदाबापत एक दिनका दरले घर-बिदा कट्टी गरिनेछ ।"

७. मूल ऐनमा दफा ८क. थप: मूल ऐनको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः–

"८क. उपचार–खर्च: (१) निर्वाचन आयुक्त बिरामी भई उपचार गराउँदा लागेको देहायको खर्चको नब्बे प्रतिशत निजले उपचार खर्च बापत पाउनेछः–

(क) अस्पतालमा भर्ना हुँदा र अस्पतालमा उपचार गराउँदा लागेको अस्पतालको बीलबमोजिमको खर्च र अस्पतालको चिकित्सकको प्रेसक्रिप्शनबमोजिम खरीद गरेको औषधीखर्च ।

(ख) अस्पताल नभएको ठाउँमा वा अस्पताल भए पनि अस्पतालमा भर्ना हुन नपर्ने वा भर्ना हुन नसकेको अवस्थामा वा अस्पतालमा भर्ना भई अस्पतालबाट निस्केपछि पनि रोगको उपचारको निमित्त कुनै दर्तावाला वा स्वीकृत योग्यता प्राप्त डाक्टर, कविराज, वैद्य वा हेल्थ असिष्टेण्टले जाँच गर्दा लिएको फी तथा जाँच गरी लेखी दिएको प्रेसक्रिप्शन अनुसार खरीद गरेको औषधीखर्च ।

(ग) प्लास्टिक सर्जरी बाहेक सबै किसिमको चिरफार (सरजिकल अपरेशन) गर्दा लागेको बीलबमोजिमको खर्च ।

तर, साधारणतया अस्पताल भएको ठाउँमा निजी नर्सिङ्गहोममा चिरफार गरेको खर्चभने दिइनेछैन ।

आधिकारिकता मूद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) चश्मा, दाँत, एअ्ररफोन आदि उपकरणको लागि श्री ५ को सरकारले समय-समयमा आदेश जारी गरी तोकिदिएको हदसम्मको रकमको लागेको बील-बमोजिमको खर्च ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक पटकमा दुईसय रूपैयाँभन्दा घटी खर्च भएकोमा उपचार-खर्च दिइनेछैन र कूल सेवा-अवधिभर निर्वाचन आयुक्तले पाउने नौ महीनाको पारिश्रमिकभन्दा बढी रकमको उपचार खर्च दिइनेछैन ।

(३) नेपाल अधिराज्यभित्र औषधी-उपचार हुन नसक्ने भनी श्री ५ को सरकारद्वारा नियुक्त चिकित्सकहरूको समितिले सिफारिश गरेको निर्वाचन आयुक्तले विदेशमा गई उपचार गराउन चाहेमा निजलाई उप-दफा (१) बमोजिम पाउने उपचार-खर्चको अतिरिक्त श्री ५ को सरकारले उचित ठहराएको थप आर्थिक सहायता दिन सक्नेछ ।

(४) यस दफाबमोजिम औषधि-उपचार गराएबापत पाउने उपचार खर्च लिन नपाउँदै निर्वाचन आयुक्तको मृत्यु भएमा दफा ७ क. बमोजिम निवृत्तभरण वा उपदान पाउने ठहरिएको व्यक्तिले सो उपचार-खर्च लिन पाउनेछ ।

८. मूल ऐनमा दफा ११ थप: मूल ऐनको दफा १० पछि देहायको दफा ११ थपिएको छः–

"११. थप सुविधाः (१) भैपरी आउने बिदाबाहेक अन्य कुनै पनि बिदा नलिई तीन वर्ष बिताइसकेको निर्वाचन आयुक्तले आफूले पकाएको घर-बिदामा आफ्नो घर जाँदा र घरबाट फर्कंदा यो ऐनबमोजिम निजले पाउने दैनिक तथा भ्रमण भत्ताको आधाको दरले दैनिक तथा भ्रमण भत्ता पाउनेछ । तर परिवारका सदस्यले दैनिक तथा भ्रमण भत्ता पाउनेछैन ।

(२) निर्वाचन आयुक्तले आफ्नो पदबाट अवकाश प्राप्त गर्दा वा स्वीकृत गराई राजीनामा गर्दा निजको संचित रहेको घर-बिदा र बिरामी बिदाको तलब निजले सो बखतमा खाई-पाई राखेको तलबका दरले एकमुष्ट पाउनेछ । बहाल छँदै मृत्यु भएकोमा पनि त्यस्तो तलब निवृत्तभरण वा उपदान पाउने निजको परिवारका सदस्यले पाउनेछ ।"

९. मूल ऐनमा दफा १२ थप: मूल ऐनको दफा ११ पछि देहायको दफा १२ थपिएको छः–

"१२. बाटो-म्यादः निर्वाचन आयुक्तले घर-बिदामा घर जाँदा र घरबिदा भुक्तान गरी घरबाट आफ्नो कार्यालयमा हाजिर हुन आउँदा वर्षको एक पटक पैदलको बाटोलाई आठ कोसको निमित्त एक दिनको दरले तथा मोटर, रेल, हवाईजहाजको बाटोलाई जति दिन लाग्ने हो त्यति दिन बाटो म्याद पाउनेछ । तर घर-बिदामा घर नगई अन्यत्र जान वा बस्नको निमित्त बाटो म्याद दिइनेछैन । बाटो म्याद दिंदा सबैभन्दा छिटो साधनद्वारा सबैभन्दा छोटो बाटोको दिइनेछ र आउँदा-जाँदा वास्तविक लागेको दिनभन्दा बढी दिइनेछैन ।"

लालमोहर सदर मितिः– २०३३।६।१०।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको सचिव

६७६
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।